मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

खुवाउन नजान्दा कुपोषण : पृष्ठ ५



◆ वर्ष : २४ ◆ अङ्क : २३४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असार २६ गते विहीबार (Thursday, July 11. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विषादी परीक्षण नरोक्न आदेश

**काठाडौं, असार २५।** सर्वोच्च अदाललते भारतबाट ल्याउने तरकारी र फलफूलमा विषादी परीक्षण नगर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश डा. आनन्दमोहन भट्टराईको एकल इजलासले बुधवार विषादी परीक्षण नगरी ल्याउने सरकारको निर्णय रोक्न आदेशको माग गर्दै दायर गरेका तीन निवेदनको पहिलो सुनुवाइमा सो अल्पकालीन अन्तरिम आदेश दिएको हो ।

आदेशमा भनिएको छ- 'फलफूल र तरकारीको नेपालमा आयात गर्नु पूर्व परीक्षण गरिएको विषय खुल्ने कुनै कागजात भए सो समेत लिई छलफलका लागि यही असार ३० मा उपस्थिति हुनु र छलफलको टुङ्गो नलागेसम्म मन्त्रिपरिषद्को यही असार १८ को निर्णय कार्यान्वयन नगर्नु ।'

अदालतमा विदेशबाट ल्याउने तरकारी र फलफूलमा विषादी परीक्षण नगरी ल्याउने सरकारको निर्णयविरुद्ध मङ्गलबार तीन रिट निवेदन दायर गरिएका थिए ।

उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट सरकारको निर्णय विरुद्ध ज्योति बाँनिया, अधिवक्ताद्वय स्वागत नेपाल र नारायणप्रसाद दवाडी तथा अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए ।

सीमामा तरकारी र फलफूलको विषादी परीक्षण गर्ने विषयमा मन्त्रिपरिषद्को यही असार १८ गतेको बैठकले विषादी परीक्षण गर्ने निर्णय फिर्ता लिएको थियो । सरकारको सोही निर्णय रोक्न रिट निवेदनमा अन्तरिम आदेशको माग गरिएको थियो ।

सरकारको निर्णय र भन्सारमा तत्काल परीक्षण व्यवस्था गर्न माग गर्दै विषादीयुक्त फलफूल तथा तरकारी प्रयोग गर्दा गर्भवतीहरू प्रभावित हुने र भविष्यमा जन्मिने बच्चालाई समेत असर गर्ने हुँदा परीक्षण नगरिने निर्णय जनस्वाथ्यका रूपमा गलत भएको उल्लेख छ ।

नेपालको संविधानले खाद्यको मौलिक हक सुरक्षित गरेकोले विषादीयुक्त खानाले स्वास्थ्यमा विभिन्न समस्या देखा पर्ने हुँदा सबै नागरिकको मौलिक हकविरुद्ध उक्त निर्णय भएको आदेशमा उल्लेख छ ।

# विप्लवविरुद्ध सरकार आक्रामक

## भोजपुरमा प्रहरीसहित दुई जनाको मृत्यु, प्रहरीले नै प्रहरीको हत्या गरेको विप्लवको दाबी

**झापा, असार २५।** अर्धभूमिगत नेत्रविक्रम चन्द्र (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई गत फागुन २८ गतेको मन्त्रीपरिषद् बैठकले प्रतिबन्ध लगाएपछि सरकार र विप्लव माओवादी मुठभेडमा उत्रिएका छन् ।

विप्लब समूहले हिंसात्मक गतिविधि बढाएपछि त्यस समूहविरुद्ध सरकार आक्रामक शैलीमा प्रस्तुत भएको छ । यता विप्लव माओवादीका महासचिव चन्द्रविक्रम चन्दले भने आफूहरु सरकारको ब्यवहार अनुसार प्रस्तुत हुने जवाफ दिँदै आएका छन् । तर, गत जेठ ७ गते भोजुरको ट्याम्के-मैयुङ गाउँपालिकाको धोद्रे जङ्गलमा प्रहरीको गोली लागेर भोजपुरकै कुदाक काउलेका तीर्थराज घिमिरे 'राजु' मारिए । विप्लव नेतृत्वको नेकपामा लागेको २० दिनमै प्रहरीले चलाएको गोली लागेर उनले ज्यान गुमाएका थिए । तर, उनलाई प्रहरीले गिरफ्तार गरेपछि गोली हानेर हत्या गरेको विप्लव समूहले दावी गर्दै आएको छ ।

नेकपा विप्लवका एक नेता शैलेशले आफ्नो समूहमा रहेका तीर्थलाई प्रहरीले घेरामा हालेपछि समातेर यातना दिई गोली हानेर हत्या गरेको दाबी गरेका थिए । आफ्ना कार्यकर्तालाई गिरफ्तार गरेपछि हत्या गरेको भन्दै विप्लवले त्यसको बदला लिने योजना शुरुबाटै बनाएको बताइएको छ । तर, सोलुखम्बूको छेस्काममा प्रहरी चौकी कब्जा गरेको समाचार बाहिरिएसँगै विप्लवका नेता कार्यकर्ताले लुक्नुपर्ने बाध्यता आएको थियो । गत जेठ १९ गते छेस्काम चौकी घटनापछि सरकारले सशस्त्र र जनपदको ठूलो टोली उतारेर विप्लवको खोजी थालेको थियो ।

त्यसक्रममा भोजपुर, संखुवासभा र खोटाङबाट समेत प्रहरी टोली डिएसपीकै कमाण्डमा परिचालित थियो । प्रहरीको निरन्तर निगरानीका कारण खुम्चिन बाध्य विप्लवका कार्यकर्ता बर्षेझरीसँगै चलायमान भएका थिए । प्रतिकूल मौसमका कारण प्रहरीको गस्ती नियमित हुन नसकेपछि विप्लवका कार्यकर्ताको उपस्थिति सदरमुकाम नजिकका गाउँसम्म पुगेको थियो । सदरमुकाममै ट्याम्के-मैयुङको धोद्रेमा आफ्ना एक कार्यकर्ताको प्रहरीले ज्यान लिएपछि विप्लवका कार्यकर्ता आक्रामक भएका थिए । यसको पुष्टि असार १८ गते ट्याम्के-मैयुङ-१ को वडा कार्यालयमा आगजनी र तोडफोडले पुष्टि गर्छ ।

त्यही दिन भोजपुरको देउरालीस्थित सौदा चोकमा एउटा घरेलु बम भेटिएको थियो । जसलाई निष्कृय पार्न



नेपाली सेनाको २ नम्बर बाहिनी कार्यालयबाट टोली नै आउनु परेको थियो । यस्तै, असार ५ गते सर्लाहीमा प्रहरीको गोली लागेर विप्लव समूहका सर्लाही इञ्चार्ज कुमार पौडेलको मृत्यु भएको थियो ।

यसैबीच भोजपुरमा प्रहरी र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताबीच बुधबार बिहान भीडन्त भएको छ । भीडन्तमा एक प्रहरीसहित दुई जनाको मृत्यु भएको छ भने एक प्रहरी जवान घाइते भएका छन् । भोजपुर नगरपालिका-७ स्थित पाँचधारे होटल नजिकै गोली हानाहान भएको बताइएको छ । मृत्यु हुनेमा प्रहरी जवान सञ्जीवकुमार राई रहेका छन् । त्यस्तै विप्लव समूहका नीरकुमार राईको मृत्यु भएको नेपाल प्रहरीका एसपी रमेश थापाले जानकारी दिए । मृत्यु भएका जवान राईको कोखामा गोली लागेको थियो । गोली लागेका जवानको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक प्रहरी जवान राई घुमुवा प्रहरी हुन् । त्यस्तै गोली लागेर घाइते भएका प्रहरी जवान सोमनाथ भट्टराईको जिल्ला अस्पताल भोजपुरमा उपचार भइरहेको छ ।

यस्तै गोली हानाहानमा मृत्यु भएका नीरकुमार विप्लव नेतृत्वको पार्टीका ओखलढुङ्गाका सेक्रेटरी थिए । उनी पार्टीमा

(बाँकी अन्तिम पृष्ठमा)

## लो ब्लडप्रेसरले शिक्षक सृष्टिको ज्यान गयो



**धरान, असार २५।** मानिसले लो ब्लड प्रेसरलाई त्यति गम्भीरतापूर्वक लिइँदैनन् जति हाइब्लड प्रेसरलाई लिने गर्छन् । यद्यपि लो ब्लड प्रेसरलाई पनि नजरअन्दाज गर्नु खतरा साबित हुनसक्छ ।

लो ब्लड प्रेसरकै कारण धरानमा एक महिला शिक्षकको मृत्यु भएको छ । धरानकी १९ बर्षीया सृष्टि अधिकारीको मृत्यु भएको हो । मृतक सृष्टिका आफन्तहरुका अनुसार दिउँसो एक्कासी लडेकी उनको उपचारको क्रममा मृत्यु भएको जनाइएको छ ।

कक्षा १२ पढेर धरानकै मेरो मन्टेश्वरीमा काम गर्दै आएकी सृष्टिको धरानस्थित वीपी कोइराला स्वास्थ विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो ।

डाक्टरहरुले प्रेसर लो छ भनेका थिए । आइसीयुमा ८ दिनसम्म राखेर पनि छोरी बचाउँन सकिएन -सृष्टिकी आमा बन्दना अधिकारीले भनिन् । धरान -१२ मा बस्दै आएको अधिकारी परिवारको आर्थिक अवस्था समेत कमजोर थियो ।

## श्रीमती पक्राउ

**सुनसरी, असार २५।** धारिलो हतियार दाउ प्रहार गरी श्रीमानको हत्या गरेको अभियोगमा सुनसरी इनरुवा नगरपालिका -७ खिरखिरिया मुसहरी टोल बस्ने २४ वर्षीया बिमला ऋषिदेवलाई प्रहरीले पक्राउ गरेको छ ।

गत वैशाख ८ गते राति उनका श्रीमान २४ वर्षीय मुकेश ऋषिदेबको आफ्नै घरमा तत्काल नाम, थर नखुलेका व्यक्तिले दाउ प्रहार गरी उनको हत्या गरेका थिए ।

घटना सम्बन्धमा अनुसन्धान गर्ने क्रममा मृतक मुकेशकी श्रीमती बिमलाले नै हत्या गरी फरार भएको भन्ने खुल्न आए पश्चात खटिएको प्रहरीले गाउँमा लुकीछिपी

(बाँकी अन्तिम पृष्ठमा)

## आर्थिक अपराध रोक्न नयाँ फड्को

**काठमाडौं, असार २६।** नक्कली बिल-बीजक जारी गरी वा भन्सार छलेर अर्बौंको राजश्व चुहावट गर्ने तथा विभिन्न तरिकाले हुने आर्थिक अपराध रोक्न सरकारले मालसामान ढुवानी गर्दा सूचना प्रणालीमा राख्नैपर्ने नयाँ व्यवस्था लागू गरेको छ ।

छोटो समयमै बिल मात्रै बनाएर आठ अर्बभन्दा बढीको राजश्व चुहावट गरेको तथ्य फेला पारी घटनाको अनुसन्धान गरिरहेको राजश्व अनुसन्धान विभागले यस्तो प्रवृत्ति र तस्करी रोक्न मालसामान ढुवानी गर्दा केन्द्रीय सूचना प्रणालीमा राख्नैपर्ने व्यवस्था लागू गरी नयाँ प्रयासको थालनी गरेको हो ।

प्रविधिको प्रयोगबाटै सुशासन कायम गर्ने यो महत्वपूर्ण खुड्किलो हुने जनाइएको छ । यही साउन १ गतेबाट उक्त प्रणाली लागू गर्न लागिएको विभागका महानिर्देशक दीर्घराज मैनालीले जानकारी दिए ।

गत वर्षदेखि मात्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतमा आएको विभागले आर्थिक अनुशासन कायम गरी तस्करी नियन्त्रण गर्नु नै 'सफ्टवेयर' प्रणालीको मुख्य उद्देश्य रहेको जनाएको छ ।

नेपाल सरकार राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा १५ (ग) को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा १ मा एक ठाउँबाट अर्को स्थानमा व्यावसायिक प्रयोजनका लागि मालसामान ओसारपसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण राजश्व अनुसन्धान विभागको 'भेइकल एण्ड कन्साइनमेण्ट ट्र्याकिङ सिस्टम'मा आधारित केन्द्रीय सूचना प्रणालीमा समावेश गरेर मात्र ओसारपसार गर्नु पर्ने प्रावधान रहेको छ ।

सोही व्यवस्थाअनुसार यही असार २३ गते राजपत्रमा सूचना प्रकाशित गरी सरकारले यही साउन १ गतेबाट लागू हुनेगरी व्यवसायीलाई आह्वान गरेको छ । विगत १० महीनादेखि नै विभागले उक्त सफ्टवेयर बनाउने काम थालेको थियो । विगत दुई महीनादेखि विभागले लागू गराउन आवश्यक तयारी थालेको थियो । यस

(बाँकी अन्तिम पृष्ठमा)

## करेन्टले दुईको मृत्यु

**झापा, असार २५ ।** मोरङ र सुनसरीमा करेन्ट लागेर बुधबार एक बालकसहित दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रंगेली नगरपालिका-५ आँपगाछीका १२ वर्षीय प्रमोद ऋषिदेव रहेको प्रहरीले जनाएको छ ।

आफ्नै घरछेउको काठको विजुलीको पोल नजिक हिँडिरहेको अवस्थामा उनलाई अचानक बिजुलीको करेन्ट लागेको प्रहरीले जनाएको छ । प्रमोदको घटनास्थलमा नै मृत्यु भएको प्रदेश प्रहरीले जनाएको छ ।

त्यस्तै सुनसरीको धरान थाक्करडाँडाका ६७ वर्षीय बिर्खबहादुर राईको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

आफ्नै घरमा रेडियो बजाउनका लागि रेडियोको ज्याक मल्टिप्लगमा जोड्ने क्रममा करेन्ट लागेर बेहोस भएका राईको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

कोहेड (COHED) कलेजमा
कक्षा ११को भर्ना खुल्यो
- विज्ञान - (कम्प्यूटर साइन्स/ वायलोजी
- व्यवस्थापन (कम्प्यूटर साइन्स, होटल मेनेजमेन्ट, विजनेश स्टडिज
- मानविकी -(मास कम्युनिकेशन, सोसियोलोजी, अंग्रेजी
फर्म वितरण धमाधम भइरहेको छ । उत्कृष्ट विद्यार्थीका लागि छात्रबृत्तिको व्यवस्था छ ।
विज्ञान प्रवेश परीक्षा: २०७६ असार २९ गते आइतवार विहान ८ बजे
प्रवेश परीक्षाका लागि नमूना प्रश्न–पत्र उपलब्ध गराइनेछ ।
कार्यालय खुल्ने समय: विहान ६:३० देखि दिउँसो ४:०० बजेसम्म
नोट: शनिवार तथा विदाका दिन पनि कार्यालय खुल्ला रहनेछ ।
सम्पर्क : कोहेड(COHED) कलेज, बिर्तामोड, झापा
फोन नं. ०२३–५४२८२४, ९८४२६३४३१९/९८४२६३४३१२

## मदन पुरस्कारका लागि ७ कृति

**झापा, असार २५।** यस वर्षको मदन पुरस्कारका लागि छनौटमा परेका उत्कृष्ट सात कृतिको नाम सार्वजनिक भएको छ ।

मदन पुरस्कार गुठीले मदन पुरस्कार २०७५ लागि आवेदन दिएका कृति

(बाँकी अन्तिम पृष्ठमा)

NIDI SECONDARY SCHOOL
Indreni Campus
Admission Open +2 Science / Management / & Humanities
Salient Features
- Managed by the established team of academicians.
- Quality education at affordable fee.
- Well equipped modern building with science lab, computer lab and classrooms with CC cameras.
- Accessible Transport services.
- Strict preservation of discipline.
- Science excursion tour.
- Attractive scholarship scheme.
- Industrial Visit to Management students.
- Extra Class
- Excellent result (in +2 & BBS Level)
Entrance Date : For Science Ashar 28 Saturday at 10:00 A.M.
Run & Managed by SCIENCE BLOCK TEAM
For Details : NIDI SECONDARY SCHOOL/ INDRENI CAMPUS
Birtamde-2, Ramchowk, Contact : 023-544412/ 546044/ 9852673088/ 9852689000

यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर
यही असार २८ गते शनिवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।
हाम्रा सेवाहरु: सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।
माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

ADMISSION OPEN
+ 2 IN HOTEL MANAGEMENT WITH TRAVEL & TOURISM
+
Diploma In Hotel Management (July Intake )
Contact
Springdale College For Hotel Management
(SCHM)
Birtamode, Jhapa (In front of Kankai Campus )
Ph:023-546263,9842624438

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
सुनसरी टेक्नीकल कलेज, धरानमा SLC / SEE उर्तीण हुने विद्यार्थीहरूकालागी निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो !
1. Health Assistant (HA)
2. Diploma in Pharmacy
3. Diploma in Lab Technician
4. Diploma in Civil Engineering
5. Diploma in Computer Engineering
6. Diploma in Radiography (x-Ray Technician)
फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म
नोट : नि:शुल्क प्रवेश परिक्षा तयारी कक्षा सञ्चालन भईरहेको छ ।
विस्तृत जानकारीकालागि :
सुनसरी टेक्निकल कलेज
लक्ष्मी सडक, धरान-१
मोबाईल : ९८५२०२०६१५,९८४१५२९७१३,९८०४३३६६८९

# पाँच लाख बराबरको धनमाल लुटपाट


**चारआली २५ असार।** झापाको मेचीनगर -१३ चारआलीमा भएको डकैत घटना ढिलो गरी सार्वजनिक भएको छ। हतियारधारी अज्ञात समूहले बद्री महतको घरमा डकैत गरेको महत परिवारले जनाएको छ। गत असार २१ दिउँसो हतियारधारी डाकाको समूहले डकैती गरी ५ लाख बराबरको धनराशि लुटेको पीडित महतले बताए।



तीनतले घरको माथिल्लो तलामा बस्दै आएका महत परिवारको कोठामा पसी डाकाले ८ तोला सुन लुटेको पीडित परिवारकी आमा दुर्गादेवी महतले जानकारी दिइन्। उक्त दिन परिवारका सबै सदस्य घरमा नभएकोले डाकाले लुटेको महतको भनाइ छ। डाकाको समूहले तेश्रो तलामाथि लगाएको ताला फुटाएर दुर्गादेवी महत र उनका छोरा बद्रीको कोठामा पसी दराज फुटाएर सुनका गहना लुटेका थिए। डाकाले खुकुरी, चक्कु, मारतोल, हेक्सो ब्लेडसमेत प्रयोग गरी छोडेर भागेको महत परिवारको भनाइ छ।

# बहिराले अझै पाएनन् सवारी चालक अनुमतिपत्र

**झापा, असार २५।** बहिरा व्यक्तिलाई सवारी चालक अनुमतिपत्र दिनु भन्ने सर्वोच्च अदालतले निर्णय गरेको छ वर्ष बिते पनि अहिलेसम्म कार्यान्वयन भएको छैन।




संशोधनका क्रममा रहेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा अपाङ्गता भएका व्यक्तिलाई सवारी चालक अनुमतिपत्र दिने व्यवस्था नहुँदा उनीहरुले चालक अनुमतिपत्र नपाएका हुन्।

सर्वोच्च अदालतले विसं २०६९ चैत २९ मा ऐन संशोधन गरेर बहिरा नागरिकलाई सवारी चालक अनुमतिपत्र दिन सरकारका नाममा निर्देशनात्मक आदेश दिएको थियो।

अपाङ्गता भएका व्यक्तिले सवारी चालक अनुमतिपत्र नपाउँदा उनीहरुलाई धेरै समस्या भएको नेपाल बहिरा महासङ्घका अध्यक्ष केपी अधिकारीले बताए। अरू धेरै नागरिकको जस्तै निजी सवारी साधन चढ्नु बहिरा व्यक्तिको बाध्यता भएको उनको भनाइ छ। उनका अनुसार अहिले धेरै बहिरा व्यक्तिहरु होटल, रेष्टुरेण्ट, क्याफेलगायतका स्थानमा कार्यरत छन्। उनीहरु साँझ १०/११ बजेसम्म काम गर्ने उनले बताए। सार्वजनिक सवारी साधन राति अबेरसम्म नचल्ने र उनीहरुले अनुमतिपत्र पनि नपाउने हुँदा दुईपाङ्ग्रे सवारी साधन चलाउने गरेको उनले बताए। उनले भने -राति सार्वजनिक सवारी साधन नचल्दा एकातिर मोटरसाइकल चढ्नैपर्ने बाध्यता छ भने अर्कातिर हाम्रा साथीहरु समयसमयमा पक्राउ परिरहेका छन्।


महासङ्घले बहिरा व्यक्तिले पनि चालक अनुमतिपत्र पाउनुपर्ने भन्दै १० वर्षसम्म पैरवी गरेका थिए। यस क्रममा महासङ्घले पटकपटक धर्ना र आन्दोलनका कार्यक्रम पनि गरेका थियो। पैरबीले मात्रै सरकारले त्यसतर्फ ध्यान नदिएपछि महासङ्घले नै छ वर्षपहिले सर्वोच्चमा रिट दायर गरेको थियो। सर्वोच्चले ऐन संशोधन गर्न भने पनि लामो समयसम्म अवस्था उस्तै रहेको उनले बताए।

सडक विभागले भने बहिरा व्यक्तिका लागि मात्रै छुट्टै मापदण्ड बनाउन नसकिने बताउँदै आएको छ। उनले भने -एउटा निकायले अर्कोलाई देखाउने हुँदा हामीले सवारी चालक अनुमतिपत्र नपाएका हौँ।

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको गत साता बसेको बैठकमा बोल्दै अधिकांश सांसदले बहिरा व्यक्तिलाई चालक अनुमतिपत्र दिनुपर्ने बताएका थिए। समितिका सदस्यले ऐनमा संशोधन गरेर पनि अनुमतिपत्र दिनुपर्ने सुझाव राखेका थिए। यातायात व्यवस्था विभागका प्रवक्ता तीर्थराज खनालले सरकारले अहिलेसम्म कार्यविधि नबनाएकाले सवारी चालक अनुमतिपत्र दिन नसकिएको बताए। सवारी तथा यातायात ऐन संशोधनका क्रममा रहेकाले यी विषय समेटिने उनले बताए। ऐन संशोधन भएपछि बहिरा व्यक्तिले समेत चालक अनुमतिपत्र पाउने गरेर व्यवस्था हुने उनले बताए।

ऐनको दफा ४७ मा (ङ) मा 'साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिनेछ' भन्ने उल्लेख छ। सोही दफामा छारे रोग लागेका, बहुलाएका, चस्मा लगाउँदा समेत देख्ने शक्ति ठीक नभएका व्यक्ति चालक अनुमतिपत्रका लागि अयोग्य हुने उल्लेख छ तर 'यस्ता व्यक्तिको चालक क्षमता सम्बन्धमा परीक्षण गराई तोकिएबमोजिम मापदण्ड पूरा भएका सडकमा मात्रै सवारी चलाउन पाउने गरी निजलाई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ' -भन्ने उल्लेख छ।

# २ डिग्री सेल्सियस तापक्रम बढ्ने



**झापा, असार २५।** सन् २१०० सम्म विश्वको तापक्रम वृद्धिदर १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित रहेपनि एसियाको हिमालय क्षेत्रको तापक्रम भने २ डिग्री सेल्सियसले बढ्ने एक अध्ययनले देखाएको छ।

एकीकृत पर्वतीय विकास इसिमोडले जारी गरेको एक प्रतिवेदन अनुसार हिमाली क्षेत्रमा २ दशमलव २ डिग्री सेल्सियससम्म तापक्रम वृद्धि हुनेछ।

जसका कारण २४ करोड मानिस प्रत्यक्ष प्रभावित हुने छन् भने १ अर्ब ६० करोडमा समेत तापक्रम वृद्धिको असर पुग्ने छ। संयुक्त राष्ट्रसंघका लागि नेपाली नियोग र इसिमोडले संयुक्त रुपमा अमेरिकाको न्युयोर्कमा गरेको कार्यक्रममा हिन्दू कुश हिमालयको वातावरणबारे तयार प्रतिवेदन माथि छलफल भएको थियो।

हिमालय क्षेत्रमा हिउँ पग्लिनु र हिमनदी सुकेका कारण कृषिमा असर पर्नुका साथै उत्पादकत्वमा कमी, भोकमरी, गरीब, बसाइँसराइ जस्ता समस्या निम्त्याउने प्रतिवेदनमा उल्लेख छ। इसिमोडका प्रबन्ध निर्देशक डेभिड मोल्डेनले कार्यक्रममा प्रस्तुत गरेको प्रतिवेदनमा तापक्रम वृद्धि, प्राथमिकता, समस्याको पहिचान, सूचना र ज्ञानको वितरणका केही उपाय समावेश रहेको थियो।

कार्यक्रममा अष्ट्रिया, कीर्गिस्तान, बंगलादेश, भुटानका प्रतिनिधिले जलवायु परिवर्तनमा आफ्नो मुलुकले गरेको प्रयास र आधिकारिक धारणा राखेका थिए।

# ४२ जना वृद्धवृद्धालाई सम्मान

**शिवसताक्षी, असार २५।** शिवसताक्षी नगरपालिका -५ को जेष्ठ नागरिक वडा समितिले बुधबार वडाका बृद्धबृद्धालाई सम्मान गरेको छ।

जनता बजारस्थित वडा कार्यालयमा नगर प्रमुख चन्द्रकुमार सेर्मा, उपप्रमुख भोजकुमारी नेपाल, वडाध्यक्ष सत्यनारायण राजवंशीले संयुक्त रुपमा वडाका ४२ जना वृद्धवृद्धालाई दोसल्ला, फूलमाला, अविर र सम्मान पत्रद्वारा सम्मान गरिएको जेष्ठ नागरिक वडा समितिका अध्यक्ष अमृतबहादुर कटवालले जानकारी दिए। उनका अनुसार कार्यक्रममा ८० वर्ष नाघेका ४२ जनालाई सम्मान गरिएको हो।

# भारतलाई हराउँदै न्युजिल्याण्ड विश्वकप क्रिकेटको फाइनलमा



**झापा, असार २६।** भारतको विश्वकप २०१९ को यात्रा सेमी फाइनलमा पुगेर सकिएको छ। भारत न्युजिल्यान्डसँग पराजित भएर विश्वकपको उपाधि होडबाट बाहिरिएको हो।

मंगलबार वर्षाका कारण रोकिएको खेल बुधबार सम्पन्न भएको थियो। जसमा न्युजिलयान्डले दिएको २३९ रनको मध्यम लक्ष्य भारतले पूरा गर्न सकेन र ४ बल बाँकी छँदा १८ रनले पराजित भयो। मंगलबार न्युजिल्यान्डले टस जितेर ब्याटिङ गर्दागर्दै बर्षा भएपछि प्रभावित भएको खेलमा भारतको जवाफी इनिङ बुधबार खेलाइएको हो।

न्युजिल्यान्डले ५० ओभर खेल्दै ८ विकेटको क्षतिमा २३९ रन बनाएपछि भारत बुधबार जवाफका लागि उत्रेको थियो। बुधबार न्युजिल्यान्डले ४६/१ ओभरमा ५ विकेट गुमाएको अवस्थामा २११ रनबाट अगाडि खेल्दै अन्तिम २३ बलमा २८ रन बनाएर भारतलाई २४० रनको लक्ष्य दिएको थियो।

भारतका लागि रवीन्द्र जडेजाले सर्वाधिक ७७ रनको पारी खेले। टप अर्डरका ब्याट्सम्यान एक-एक रनमा आउट भएको अवस्थामा अन्तिमक्रममा आएका उनले भारतीय पारी उकासे। उनले चार चौकासहित ५९ बलमा ७७ रनको गतिलो स्कोर खेले।

त्यसपछि महेन्द्रसिंह धोनीले ७२ बलमा अर्धसतकीय पारी खेले। रिसभ पन्त र हार्दिक पन्ड्याले समान ३२-३२ रनको योगदान दिए। चौथो क्रमका रिशबले ५६ बलमा ३२ रन बनाएर आउट भए। उनको पारीमा चार चौका पनि हाने।

नौ वर्षयता भारतका टप अर्डरका ब्याट्म्यानले सबैभन्दा खराब प्रदर्शन गरेको खेलमा ओपनरहरु केएल राहुल, रोहित शर्मा र कप्तान विराट कोहली एक-एक रनको व्यक्तिगत स्कोरमा आउट भए। भारतका लागि राहुलले ७ बलमा १ रन, रोहित शर्माले ४ बलमा १ रन र विराटले ६ बलमा १ रन बनाउँदै पेभेलियन फर्किए।

त्यसपछि आएका ब्याट्सम्यानले पनि गतिलो खेल्न सकेनन्। त्यसैगरी दिनेश कार्थिकले २५ बलमा ६ रन बनाए। उनले एक चौका पनि हानेका थिए। यसअघि मंगलबार वर्षाका कारण ४६ दशमवल १ ओभरमा रोकिएको खेल 'रिजर्व डे' अनुसार सो खेल बुधवार खेलाइएको हो।

म्यानचेष्टरको ओल्डट्राफोर्डमा करिब साढे चार घण्टा वर्षा भएपछि न्युजिल्याण्डको इनिङ्स पूरा हुन पाएको थिएन। खेल रोकिनु अघि न्युजिल्याण्डले ४६ दशमलव १ ओभरमा ५ विकेट गुमाएर २ सय ११ रन बनाएको थियो। ओल्ड ट्राफोर्डमा वर्षाले खेल रोकिनु अघि पहिले ब्याटिङ गरिरहेको न्युजिल्याण्डले ४६ ओभर १ बलमा ५ विकेट गुमाएर २११ रन बनाएको थियो।

न्युजिल्याण्डका रोस टेलरले ९० बलमा ७४ रन बनाए। टेलरले करियरको ५० औं अर्धशतक प्रहार गरे। यस्तै कप्तान केन विलियम्सन ६७ रन जोडेर आउट भए। यसअघि केन विलियम्स ६७ रन बनाएर युजभेन्द्र चहलको बलमा जडेजाबाट म्याच आउट भएका थिए। विलियम्सले टेलरसँग मिलेर तेस्रो विकेटका लागि ६५ रनको साझेदारी गरेका थिए।

## श्रीमती....

बसेको अवस्थामा मंगलवार उनलाई पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मदन....

मध्येबाट उत्कृष्ट ७ मा पर्न सफल कृतिको नाम सार्वजनिक गरेको हो।

उत्कृष्ट ७ कृतिमा सानु शर्माको 'एकादेशमा', विन्दु शर्माको 'ओक्कल दोक्कल पिपल पात', कुमार नगरकोटीको 'ज्ञ', छुदेन काविमोको 'फातसुङ', महेश थापाको 'मरीचिका', योगेश राजको 'रणहार' र ध्रुव सापकोटाको 'विचारको लाश' पर्न सफल भएका छन्।

मदन पुरस्कार गुठीले गुठीलाई प्राप्त भएका जम्मा २ सय ५७ कृतिहरुबाट उत्कृष्ट ७ पुस्तक छानिएको जानकारी दिएको हो। उत्कृष्ट ७ मा परेका कृति मध्येबाट एक पुस्तकलाई मदन पुरस्कार प्रदान गरिने छ। मदन पुरस्कारको राशि २ लाख रुपैयाँ रहेको छ।

## आर्थिक...

विषयमा मुलुकका विभिन्न ६० स्थानमा पुगेर व्यवसायीसँग छलफलसमेत गरेको महानिर्देशक मैनालीले बताए। सो विषयमा व्यवसायीको छाता सङ्गठनका पदाधिकारीसँग मङ्लगबार मात्रै भएको छलफलमा समेत उनीहरुले नयाँ व्यवस्था अनुसार नै अगाडि बढ्ने र पहिलो चरणमा प्रचारप्रसारलाई तीव्र गति दिने विषयमा सहमति जनाएका छन्।

महानिर्देशक मैनालीले भने -अब भन्सार विन्दुबाटै मालसामान लिएर हिँड्दा थोक वितरकले मालसामान बिक्री गर्नु पहिला गाडी नम्बर, चालक, सामानको प्रकृति, खरीदकर्ता, बिल मूल्य (कोडसहित) विभागको वेब साइटमा प्रविष्ट गराउनुपर्छ।

'युजर नेम र पासवर्ड' व्यवसायी आफैँले बनाउनु पर्ने र त्यसबाट विभागको साइटमा इन्ट्री गरेर मात्रै मालसामान ढुवानी गर्नु पर्ने व्यवस्था छ। पहिले कागज बोकेर हिँड्नु पर्दथ्यो, हरेक भन्सार प्वाइण्टमा देखाउनु पर्दथ्यो। तर अब यस प्रणालीमा प्रविष्ट गरेपछि कागज बोकिरहनु पर्दैन। उक्त प्रणालीमा थोकस्तरमा मालवस्तु बिक्री गर्ने आपूर्तिकर्ता, उद्योग र वितरक मात्र प्रविष्ट गरिने बताइएको छ।

पहिले चेक प्वाइण्ट छले पुग्थ्यो तर अब छड्के जाँच हुन्छ, त्यसकारण जाँचस्थल कहाँ हुन्छ कसैलाई थाहा हुन्न, यसले आर्थिक अपराध र सामान तस्करी रोक्न सजिलो हुन्छ- महानिर्देशक मैनालीले थपे। उक्त प्रणालीको प्रयोगका लागि अहिलेसम्म एक हजार २०० व्यवसायीले नाम इन्ट्रीका लागि युजर आइडी र पासवर्ड बनाइसकेको विभागले जनाएको छ।

### ३२ अर्बको माग दाबीसहित मुद्दा

विभागले चालू आर्थिक वर्षमा आर्थिक अपराधसम्बन्धी ८८ घटनामा २३८ जनाविरुद्ध रु. ३२ अर्बको बिगो र जरिवानाको माग दाबी गरी मुद्दा दायर गरिसकेको छ।

विभागले २३४ वटा अपराधका घटनाको अनुसन्धान जारी राखेको छ। आठ अर्बभन्दा बढीको नक्कली बिल बनाएर राजश्व छली गर्ने १०० वटा फर्मविरुद्ध समेत मुद्दा अगाडि बढाएको विभागले जनाएको छ।

बाटोमा भेटिएको अपरिचितको नागरिकता प्रयोग गरी नक्कली कम्पनी खडा गर्ने, सरकारी कागजात र नक्कली बिलबीजक छाप्ने, मूल्य अभिवृद्धि कर (भ्याट) बिल, प्यान बिल, नक्कली बीजक बिक्री गरी राजश्व छल्नेदेखि नक्कली कारोवार गर्ने, कीर्ते गर्ने, वैदेशिक रोजगारीमा कर छली गर्ने, हुण्डीमार्फत अवैधरूपमा अन्तरदेशीय कारोवार गर्ने, विदेशी मुद्रा अपचलन गर्ने गिरोह र अर्थतन्त्रलाई उन्नत हुन नदिने सङ्गठित अपराधविरुद्ध मुद्दा चलाएको छ।

## विप्लबविरुद्ध...

प्रशान्तका रुपमा चिनिन्थे। उनी भोजपुरकै स्थायी बासिन्दा भएको र छुट्टीमा घर आएको स्रोतले जनाएको छ। सरकारले विप्लव समूहका गतिविधिलाई प्रतिबन्ध लगाएपछि विप्लवका कार्यकर्ता मारिएको यो तेस्रो घटना हो।

**कसरी भयो भीडन्त ?**

बुधबार बिहानै बजार क्षेत्रमा विप्लव समूहका कार्यकर्ता आएको जानकारी प्रहरीलाई थियो। सूचनाको आधारमा प्रहरीले सर्च गरिरहेको थियो। सर्च गर्ने क्रममा प्रहरी र विप्लव समूहबीच जम्काभेट भयो।

प्रहरीका अनुसार जम्काभेटमा विप्लवका कार्यकर्ताले फायर खोलेको त्यसपछि प्रहरीले जवाफी फायर गरेको बताइएको छ।

प्रहरीलाई विप्लव समूह आएको सूचना थाहा थियो। फलो गर्ने क्रममा प्रहरीसँग जम्काभेट हुँदा उनीहरुले फायर खोलेपछि जवाफी फायरिङमा दुई पक्षतिर नै मानवीय क्षति भएको हो एसपी थापाले बताए।

**प्रहरीतर्फ पहिलो क्षति**

विस्तृत शान्ति सम्झौतापछि विभिन्न राजनीतिक आन्दोलनबाहेक सुरक्षा निकायमा भएको यो पहिलो मानवीय क्षति हो।

यसअघि सोलुखुम्बूमा पनि विप्लव समूहले प्रहरी चौकी कब्जा गरेको अपुष्ट खबर सार्वजनिक भएको थियो। उक्त घटनाको पछि खण्डन भएको थियो।

**विप्लव भन्छ – हाम्रो युद्धगर्ने योजनै छैन्**

विप्लव माओवादी र प्रहरीबीच भिडन्त हुँदा एक प्रहरी र एक विप्लवका कार्यकर्ताको मृत्यु भएको प्रहरीले दाबी गरेपनि विप्लव समूहका एक नेताले भने प्रहरीकै गोली लागेर दुवै जनाको मृत्यु भएको दावी गरेका छन्।

विप्लव माओवादीको अहिले सेना, प्रहरीमाथि आक्रमण गर्ने कुनै योजना नभएको भन्दै उनले भने - प्रहरीकै गोली लागेर प्रहरी जवानको मृत्युको र आफ्ना कार्यकर्तालाई पक्राउ गरेर खोल्सामा गरेर गोली हानी हत्या गरेको हो।

विप्लव माओवादी विरुद्ध प्रदेश-१ मा प्रहरीले निगरानी बढाएपछि आफ्ना कार्यकर्तालाई पक्राउ गरेर दुःख दिने गरेको विप्लव माओवादी स्रोतले जनाएको छ।


## Security Guard को आवश्यकता

यस **सूर्य चन्द्र भूतपूर्व सैनिक तथा सुरक्षा सेवा प्रालिका** लागि बिर्तामोडमा केही सुरक्षा गार्डको आवश्यकता परेको हुँदा यस कम्पनी अन्तर्गत करार सेवामा रही काम गर्न इच्छुक नेपाली सेना या नेपाल प्रहरीबाट अवकास भएका नेपाली नागरिकबाट हस्तलिखित निवेदन सहित आफ्नो बायोडाटा यो सूचना प्रकाशित भएको मितिले ४ (चार) दिनभित्र बुझाउने गरी दरखास्त आह्वान गरिन्छ।

| सि.नं. | पद | शैक्षिक योग्यता | उमेर | परीक्षा |
|---|---|---|---|---|
| १ | सुरक्षा गार्ड | कक्षा ८ देखि माथि | ३५-५० | प्रयोगात्मक तथा अन्तरवार्ता |

**सूर्य चन्द्र भूतपूर्व सैनिक तथा सुरक्षा सेवा प्रालि**
इटहरी, सुनसरी
फोन : ९८४२०३६२०६/९८४२३६९७६८/९८०५३६८०८७
bhupusainik977@gmail.com

## सटर / घर भाडामा

व्यापारिक प्रयोजनका लागि सटरहरु, अफिस, बैंक, सहकारीहरुकालागि कोठा (फ्ल्याट्)र लजका लागि एटेच बाथरुमसहितका कोठाहरु भद्रपुर रोडको सैनिकमोड स्थित मेची आँखा अस्पताल अगाडि हाइवेसँगै जोडिएको, दृष्टि आँखा अस्पताल छेउमा हालसालै निर्माण सम्पन्न भएको (नयाँ) ३ तले घर भाडामा लिन इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८४२७१४५६६ /९८०६०८५०३३

## चाहियो

बिर्तामोड मुक्तिचोकदेखि शनिश्चरेरोड टाटा शो-रुमसम्म खाली जग्गा वा सटरसहतिको घर भाडामा चाहियो

सम्पर्क :-
९८५२६७७२१३
९८२४०५५५००

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।




दर्ता नं. ४१७२७/०६३/०६४ पान नं. ३०२६५३६२१

## भर्ना खुल्यो ! भर्ना खुल्यो !

"प्राविधिक शिक्षा, नयाँ नेपालको आवश्यकता"

CTEVT बाट सम्बन्धन प्राप्त रोजगारमूलक प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि विगत १४ वर्षदेखि उत्कृष्ट नतिजा ल्याउन सफल

**सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालयमा**

शैक्षिक सत्र २०७५।०७६ का लागि S.L.C./S.E.E.उत्तीर्ण विद्यार्थीहरुलाई भर्नाका लागि आह्वान गरिन्छ। ग्रेड A देखि E सम्म पास गरेका विद्यार्थीहरुले समेत फारम भर्न सक्नेछन्। सीट सीमित छ। तु-सम्पर्क गर्नुहोला।

| शैक्षिक कार्यक्रम | अवधि |
|---|---|
| सिभिल सब ओभरसियर | १८ महिना |
| भेट्नरी जे.टी.ए. | १८ महिना |
| कृषि जे.टी.ए. | १८ महिना |

प्रवेश परीक्षा (Entrance Exam) :- छात्रवृत्तितर्फ २०७६ श्रावण २५ गते विहान ८ बजे
पूर्ण शुल्कतर्फ : २०७६ श्रावण २५ गते दिउँसो २ बजे

प्रिन्सिपल
**सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय**
बिर्तामोड -१, झापा, (अञ्जली हस्पिटल पूर्व उत्तर)
अफिस सम्पर्क - ०२३-५४४१८८

आवश्यक कागजातहरु : SEE उत्तीर्ण गरेको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, जन्मदर्ता, नागरिकता, चारप्रति पासपोर्ट साइजको फोटो।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सेवा स्वार्थमा जोडिनु हुँदैन

**राजनीति सेवा र समर्पणको पर्याय मानिन्थ्यो । राजनीतिमा लाग्नेहरुमा जनता र देशको सेवा गर्ने लक्ष्य हुन्थ्यो । त्यही लक्ष्य प्राप्तिका निमित्त व्यक्तिगत तथा पारिवारिक जिम्मेवारी गौण ठानिन्थ्यो । राजनीति त्यसैले पूजा र तपस्या हो, र राजनीतिकर्मीहरु आस्था र श्रद्धाका पात्र हुन्छन् भनिन्थ्यो । तर, अहिले नेपालमा विकास भइरहेको प्रवृत्ति, चरित्र र आफूलाई राजनीतिक भन्नेहरुको व्यवहारले राजनीति केवल पेशा भएको छ, जसले जुनकुनै विधिबाट सम्पत्ति आर्जन गर्न मात्र समर्पित गरिरहेको छ ।**

**अढाई सय वर्षदेखिको राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भई गणद्वारा सञ्चालित गणतन्त्र स्थापित भएको छ । यति ठूलो परिवर्तन भएर पनि शासकवर्ग जनतासरह भएको अनुभूति भएको छैन । अझ संख्यात्मक रुपमा अनुपातले शासितको तुलनामा शासकवर्ग धेरै छन् । जनताको सेवा गर्ने वाचा गरेका र आफूलाई जनताका प्रतिनिधि भन्नेहरु उनैलाई शोषण गर्न उद्दत देखिएका छन् । सेवाका नाममा जनप्रतिनिधिको विभुषण देखाएर राज्यकोषबाट सेवा–सुविधा लिने होडमा छन् । त्यसैले पनि राजनीति अब पेशा भएको छ, त्यो पनि उत्तम पेशा ।**

**भर्खरै विराटनगर महानगरपालिकाका जनप्रतिनिधिहरुले चौथो नगर सभाद्वारा पारित पोशाकभत्ता नलिने घोषणा गरेको समाचार छ । पूर्व निर्धारित पोशाक लगाउनुपर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई बाध्य बनाइएको छ । यसका राम्रा पक्षहरु पनि छन्, हुन्छन् तर जनताका सेवा गर्नेहरुलाई गरीब जनताको गाँस काटेर जम्मा गरेको कोषबाट पैसा दिएर पोशाक लगाउनु पर्ने दरिद्र कसले बनायो, खोज्नुपर्ने भएको छ । संघीय ढाँचाले तीन तहको सरकार र त्यत्तिकै व्यवस्थापिका सभा लगायतका विभाग, मन्त्रालय र इकाइहरुको व्यवस्थाले यसै पनि राज्यको आर्थिक ढाड खुस्किएको छ । त्यसमाथि स्वयम्सेवा गर्छौं भन्ने जनप्रतिनिधिलाई भत्ता लगायत दर्जनौं प्रकारका सुविधा दिएर राज्यकोष लुटिँदैछ ।**


**जे भए पनि विराटनगरका जनप्रतिनिधिले पोशाक भत्ता नलिने घोषणा गरेर थोरै विश्वास कमाएका छन् । यद्यपि यतिले मात्र जनप्रतिनिधिहरु प्रतिको अविश्वास कम हुने छैन । मासिक तलब, सवारीसाधन, इन्धन खर्च, टेलिफोन, पत्रपत्रिका, पानी, बिजुली, भ्रमण लगायतका सुविधाका नाममा भइरहेको लुटले मुलुकको समृद्धि आउँदैन न त जनताका अपेक्षा नै पूरा हुन्छन् । यस अर्थमा पनि जनप्रतिनिधिहरुले कुनै प्रकारको भत्ता वा आर्थिक लाभको सुविधा लिनु हुँदैन । होइन र सेवा गरेवापत पारिश्रमिक र सुविधा लिने हो भने लोकसेवा आयोगको परीक्षा सरहको इकाई मार्फत क्षमता प्रदर्शन गरेर जनप्रतिनिधि बन्नु पर्दछ । राजनीति सेवा हो तसर्थ राजनीतिकर्मीले स्वयम्सेवाको भावनाले जनताको सेवा गर्नुपर्दछ, त्यसमा स्वार्थको गन्ध पनि हुनुहुँदैन । त्यसकारण मोरङका जनप्रतिनिधिहरुको पोशाक भत्ता नलिने घोषणा सम्पूर्ण भत्ता नलिनेमा रुपान्तरण हुनुपर्छ । अनि मात्र देश र जनताले खोजेको सुशासन, शान्ति र समृद्धिको सपना पूरा हुनेछ ।**

### सामाजिक सञ्जाल



यो 'बाहुबली' सरकार दूतावासको पत्र पछि 'बहादुरीपूर्वक पछाडि हटेको' सप्रमाण प्रष्ट भयो ! यही कुरा प्रमले जनतालाई बताएको भए के बिग्रन्थ्यो ? किन ढाँट्नुपर्थ्यो ? जनतालाई विष पनि खुवाउने ! लम्पसार पनि पर्ने ! महान् राष्ट्रवादी पनि भई राख्ने ! अनि जो चोर उसको ठूलो स्वर भने झैं अरूलाई 'छौंडा'भन्ने !

**– बाबुराम भट्टराई**



असल मान्छेलाई सकभर पद र अन्य लाभको बन्दक बनाएर बोली बन्द गरिदिने अनि खराब मान्छेहरूको सिण्डिकेट खडा गरेर गुण्डा, भ्रष्टाचारी र बिचौलियाको सहयोगमा राज्य दोहन गर्ने । तैपनि तिनैले अत्यधिक साथ र समर्थन पाउने । यो स्थितिलाई कसरी तोड्ने ? तपाईंको सुझावको अपेक्षामा ।

**– रविन्द्र मिश्र**



विकासका बेतुक गफ गर्ने बानी प्रकोपका रुपमा फैलिएको रहेछ नेकपा डबलमा । चुरे फोडेर ढुङ्गा बेच्ने देखि हिमाल पगालेर पानी बेच्ने 'सपना'सम्म सुनाएछन् प्रस्तावित दूतहरुले । जागिरे मानसिकता लिएर केही वर्षका लागि 'रमाइलो' गर्न दूत भएकाको कत्रो गफ, पर्यावरणीय संकटबारे कति बेखबर !

**– उज्ज्वल प्रसाईं**

# मानिस एक्लो हुँदैछ



**बबिता बस्नेत**

२०७६ साल जेठ महिनाको अन्तिम साता एउटा समारोहबाट फर्कंदै थियौँ, गाडीमा रहेका एक जोडी मध्ये पुरुष साथीको मोबाइलमा फोन आयो । फोनको बेवास्ता गरे झैँ गर्दै उनले श्रीमतीको अनुहार हेरे । 'कसको फोन ?' स्वाभाविक लवजमा उनले सोधिन् । नाजवाफ उनको अनुहार एक्कासी रातो भयो । 'उठाउनुस् न' उनको आग्रहको जवाफमा तिनले भने- 'अन वान्टेट फोन हो ।' 'म उठाइदिऊँ ?' जवाफमा उनी एक्कासी झर्किए । अनावश्यक शंशा गर्नुहुन्न नि'वाइयात' सँगै बसेकी यो पंक्तिकारलाई अप्ठ्यारो लाग्यो । यस्ता घटनामा प्रायः पुरुष शान्त र महिला 'इरिटेट' देखिन्छन्, तर त्यहाँ महिला शान्त थिइन्, पुरुष घरी फोनमा घरी पत्नीको अनुहारमा हेर्दै थिए । वर्षौंदेखि चिनिरहेका, एक-अर्कामा राम्रो सम्बन्ध होला भन्ने ठानिएका दुईजनाको बारेमा सोच्दै गर्दा साँझमा एक-अर्काको हात समाइरहेको दुईजनाको फोटो महिलाले फेसबुकमा पोस्ट गरिन् । एकैछिनमा टन्नै लाइक र कमेन्टहरू आए । दिउँसोको घटनाको साक्षी भएर होला सबै कमेन्टहरू पढेँ, कस्तो राम्रो, सुन्दर, आहा, अप्ठ्यारो मान्दै इनबक्समा म्यासेज लेखेँ -'फोटो राम्रो लाग्यो ।'

आफ्नो क्षेत्रका चर्चित ती मित्रले फेसबुकमा भेटिएकी एक महिलाले फोन गरेर हैरान लाएको, तर आफ्नोतर्फबाट त्यस्तो केही नभएको दिनै नपर्ने स्पष्टीकरण गाडीमै दिएका थिए । सोचेँ- सामाजिक सञ्जालले मानिसलाई हेर्दाहेर्दै कस्तो 'फेक' सम्बन्धतिर धकेलिरहेको छ । कम्तीमा यिनीहरूको त राम्रो छ भन्ठानेको सम्बन्ध देखावटी बनिसकेको रहेछ । अरूलाई देखाउनका लागि पत्नीले साँझ पोस्ट गरेको तस्वीरले झनै मन खिन्न बनायो । कमेन्ट, लाइकहरू मनबाट गरिएका थिए या देखावटी थाहा भएन, तर पहिलोपटक यो पंक्तिकारलाई मानिसले एक्लो महशुस गरेपछि साथ रहेका तस्वीरहरू सेयर गर्छन् कि के हो जस्तो लाग्यो । सबैमा यो कुरा लागू नहुन सक्छ ।

प्रविधिले आफ्नै वरिपरिको दुनियाँलाई फराकिलो बनाउँदै लाँदा मानिसको आफ्नोपन भने साँघुरिँदै जाँदै छ । सोसियल मिडियाका कारण मानिसको देखावटी संसार फैलिए जस्तो लागे पनि वास्तविक संसार खुम्चिरहेको छ । विगतमा अलि फुर्सद भयो कि आफन्तहरू भेटिन्थ्यो, साथीहरूसँग दुःख-सुखका कुरा गरिन्थ्यो, घरबाट बाहिर हिँडिन्थ्यो । तर, अहिले अलि फुर्सद भयो कि मोबाइलमा ठूलै कुरा छुटिसक्यो झैँ गरी टाउको घोप्ट्याएर बसेपछि समय बितेको थाहै हुँदैन । चाँडै बितेको त्यो समयले आफ्नो जिन्दगीमा के प्रभाव या असर छोड्यो भन्ने कुराको हिसाब गर्ने हो भने गुणा, भाग, जोड जे-जे गरे पनि हात लाग्यो शून्य निस्कन्छ । बिहान ब्युँझिएपछि घरपरिवारमा को उठो, को उठेन, कसैलाई केही भइरहेको छ कि भनी एक-अर्काको सोधीखोजी, दिनभरि गर्नुपर्ने कामका लागि 'माइन्ड मेकअप'को ठाउँ सामाजिक सञ्जालले लिँदैछ ।

ओछ्यानमा राम्ररी आँखै नखोली तकिया वरिपरि रहेको मोबाइल हातमा लियो स्टाटस, लाइक, कमेन्ट, फोटो, साथमा अनलाइनका सामग्रीहरू हेर्‍यो । बाहिरको दुनियाँमा कस-कसले के-के गरे, को हिजो पार्टी गए, कसको आफन्तको निधन भयो, कसले नाँचे, विवाहमा कसले कस्तो लुगा लाए लगायतका अनेक जानकारीले भरिएर ओछ्यानबाट उठ्दा मानिसले आफूभित्र भने खाली-खाली महशुस गर्न थालेका छन् । आफ्नो शारीरिक अभ्यास, योग-ध्यान, चिन्तन-मनन सबैको समय सामाजिक सञ्जालले लिन थालेपछि अरूले हेर्दा भरि झैँ देखिने मानिस मनभरि रित्तोपन बोकेर दिनको शुरुवात गर्दैछ । सबैमा यही कुरा लागू हुन्छ भन्ने होइन, तर धेरैलाई सामाजिक सञ्जालले आफ्नो वशमा पार्दै



लगेको छ । भन्ने बेलामा अहिलेका युवाहरू जतिबेला पनि इन्टरनेटमा झुण्डिरहन्छन् भने पनि अधबैंसेहरूको दिनचर्या युवाको भन्दा झन् नाजुक बन्दैछ ।

पहिला-पहिला पूर्ण समर्पित भएर भावनात्मक रूपमा गरिने रीति-रिवाज, चाडबाड सबै नै देखाउनका लागि झैँ भएका छन् । दशैंमा टीका लगाउँदा मानिसका हात निधारमा आँखा चाहिँ क्यामेरातिर देखिन्छन् । हुँदाहुँदै लासको छेउमा बसेर, लास बोकेर खिचिएका फोटोहरू समेत मानिसहरू सोसियल मिडियामा सेयर गर्न थाले । लास उठाउँदाको भावना जुन हुनुपर्ने हो, दुःखद् क्षणको त्यो गहिराइ आफ्नो तस्वीर कस्तो आउला भन्ने सोचमा मानिसले महशुस नै गर्न छोड्यो भन्ने कुरा तिनका मुहारमा झल्किएका भावले देखाइरहेका हुन्छन् । कसैको मृत्युमा श्रद्धाञ्जलि दिन जाँदा लाससँग आफ्नो तस्वीर खिचेर अरूलाई देखाउन सक्नुबाट हामी कुन मनोदशाबाट गुज्रिरहेका छौँ भन्ने प्रस्ट हुन्छ ।

तीथि, वार्षिकी, श्राद्ध केही पनि अब आफ्नो श्रद्धा र भावनासँग मात्र सम्बन्धित रहेनन् । यति गरी सकियो, देखाइहालुँ न भन्ने मानसिकताबाट निर्देशित हुन थाले । घरपरिवार, आफन्त, साथीहरू जो हेरे पनि मोबाइलमा व्यस्त देखिन्छन् । बाबुआमा दुबै सामाजिक सञ्जालमा व्यस्त हुन थालेपछि अहिलेका सन्तानले बाबुआमाबाट पाउनुपर्ने न्यायो माया, आफ्नोपन र स्याहार-सुसार पाउन सकेका छैनन् । बच्चाहरू अलमलिउन् भनेर उनीहरूलाई अभिभावक आफैँले हातमा मोबाइल थमाइ दिन थालेको देखिन्छ । बच्चाहरूमाथि त्यसको असर केसम्म पर्न सक्छ भन्ने कुरामा सरोकारै छैन । बाहिर हुँदा त कुरै भएन, सबैजना घरमै हुँदा पनि पाँच जनाको परिवार छ भने पाँचैतिर फर्किएर मोबाइलमा व्यस्त देखिन्छन् । आफूसँगको साथ छुटाएर अनलाइन साथ खोज्दै अगाडि बढेको जीवन कहाँ पुगेर टुङ्गिएला, यसै भन्न सक्ने अवस्था छैन ।

कसैले आहा 'गज्जब' 'कस्तो राम्रो' भनी दियो भने दङ्ग पर्ने, नकारात्मक कमेन्ट आयो भने फ्रस्ट्रेट हुने । दुःख या खुसीका लागि जिन्दगीमा कुनै ठूलो उपलब्धि हुनै परेन । अहिले लुगा शरीर ढाक्नभन्दा बढी फोटो खिच्नका लागि लगाउन थालिएको छ । हामी सबै नै यस्ता कुराहरूमा रमाउन थालेका छौँ । पहिला-पहिला चिनजानका मानिसले, आफन्तले गर्ने सकारात्मक-नकारात्मक टिप्पणीहरूले फरक पार्थ्यो, हिजोआज सामाजिक सञ्जालमा आएका टिप्पणीहरूले फरक पार्न थालेको छ । को हो, कहाँको हो, चिन्नु न जान्नुको मानिसले नकारात्मक टिप्पणी गर्‍यो भनेर मानिस त्यसैमा तनाव लिएर बाँच्न थालेको छ ।

जुन कुराको बारेमा टिप्पणी गर्ने मान्छेलाई जानकारीसम्म हुँदैन । हेर्दाहेर्दै परिवर्तन यति भयो कि मानिसहरू आफन्त, साथीहरू बिरामी भएर अस्पताल भर्ना हुँदा जानकारी पाएपछि फलफूल लिएर भेट्न जान्थे । अब त यस्ता कुरा पुराना संस्कृति, परम्परा झैँ बन्दै गएको छ । बिरामी भएको खबर अस्पतालको बेडमा सुतेको फोटोसहित सामाजिक सञ्जाल मार्फत आउँछ अनि 'गेट वेल सुन' भन्ने शुभेच्छा पनि सामाजिक सञ्जाल मार्फत नै जान्छ । न हेर्न जानु परोस्, न फलफूल, न भेटघाट । बेडमा पल्टिरहेको बिरामीले आफ्ना लागि लेखिएको शुभेच्छा हेरेर मुक्कुराउन नपाउँदै कोल्टे फेर्दा आफूलाई एक्लै पाउँछ ।

पति-पत्नी, प्रेमी-प्रेमिकाको सम्बन्धदेखि लिएर आफन्त र नातेदारहरूका आफ्नोपन समेत सामाजिक सञ्जालमै सीमित हुन थालेपछि मानिसमा 'डिप्रेसन' बढेको अध्ययनहरूले देखाएका छन् । व्यक्तिगत सम्बन्ध बन्ने पनि बिग्रने पनि सामाजिक सञ्जाल मार्फत नै हुन थालेको छ । पति-पत्नी एउटै ओछ्यानमा दुईतिर फर्किएर अरूसँग कुरा गर्न थालेपछि शरीर खाटमा भावना चाहिँ सामाजिक सञ्जालको 'इन बक्स'मा भेटिनेहरूको संख्या बढ्दैछ । मोबाइल या कम्प्युटरमा मात्र होइन वास्तविक जीवनमै मानिस 'अनलाइन' 'अफलाइन' जीवन बाँच्न थालेका छन् । पहिला-पहिला मानिसको संसार सानो थियो, आफू वरिपरि जीवन्त मानिस र सुरक्षित महशुस गर्न सक्ने वातावरण हुन्थ्यो । अहिले संसार फराकिलो भएको छ, तर देखावटी जीवन बाँचिरहेका 'फेक' मान्छेहरूको भिडमा असुरक्षित भावनासहित मानिस एक्लो बन्दै गएको छ । *घटना र विचार*

# दिगो विकासका १७ लक्ष्यहरु

## हामी के गर्दैछौं ?

दिगो विकासका लक्ष्यहरु (एसडिजी) मानव समाजका सबै पक्षबाट गरिबी अन्त्य गर्ने एउटा साहसिक र विश्वव्यापी सहमति हो जसको उद्देश्य सन् २०३० भित्र मानव जाति र पृथ्वीका लागि समतापूर्ण न्यायसंगत र सुरक्षित विश्व निर्माण गर्नु हो । दिगो विकासका १७ लक्ष्य तथा १ सय ६९ कार्य लक्ष्यहरु हाम्रो संसार रुपान्तरण गर्ने दिगो विकासका एजेन्डा २०३० को एउटा भाग हो । यी लक्ष्यहरु सेप्टेम्बर २०१५ मा सम्पन्न ऐतिहासिक राष्ट्रसंघीय महासभाबाट १ सय ९३ सदस्य मुलुकहरुले पारित गरेर जनवरी १, २०१६ देखि लागू गरेको छ । विश्वभरिका राष्ट्रिय सरकारहरु तथा लाखौं नागरिकहरुलाई एकै थलोमा ल्याई यी महत्वकांक्षी कार्यसूचीमा गहन परामर्श प्रक्रियाद्वारा यी दीगो विकास लक्ष्यहरु तय गरिएका हुन् ।

**यस्ता छन् लक्ष्यहरु :**

**१) गरिबीको अन्त्य,**
**२) भोकमरीको अन्त्य,**
**३) स्वस्थ र समुन्नत समाज,**
**४) गुणस्तरीय शिक्षा,**
**५) लैङ्गिक समानता,**
**६) स्वच्छ पानी तथा सरसफाई,**
**७) स्वच्छ ऊर्जामा सहज पहुँच,**
**८) मर्यादित रोजगार तथा आर्थिक वृद्धि,**
**९) उद्योग, पूर्वाधार र नवीन सृजना,**
**१०) असमानता न्यूनीकरण,**
**११) दिगो शहर र समुदायहरु,**
**१२) जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन,**
**१३) जलवायु परिवर्तनमा तत्काल पहल,**
**१४) जलमुनीको जैविक विविधताको संरक्षण,**
**१५) जमिनमाथिको जैविक विविधताको संरक्षण,**
**१६) शान्ति, न्याय र सशक्त निकाय,**
**१७) लक्ष्य प्राप्तिका लागि साझेदारी ।**

## दिगो विकास लक्ष्य प्राप्तिका लागि तपाईंले गर्न सक्ने १० कुरा

१) आवश्यक छैन भने बत्ती निभाऔं, ताकि ऊर्जा बचत भई तपाईंको बिजुली महसुल पनि घटोस् ।
२) खाने कुरा खेल नफालौं । मानवीय उपभोगका लागि हरेक वर्ष विश्वभर उत्पादन हुने खाद्य पदार्थमध्ये करिब एक तिहाई खेर जान्छ वा मासिन्छ ।
३) पर्यावरणीय स्तर (इनभयारोमेन्टल स्टयान्डर्ड) पूरा नगर्ने कम्पनीका सामान नकिनौं ।
४) स्थानीय उत्पादन किनौं । स्थानीय व्यवसायलाई मद्दत गर्दा मानिसहरु रोजगार रहन्छन् र टाढाबाट आयात गरेर खानु नपर्दा यातायातमा खपत हुने इन्धन समेत बचत हुन्छ ।
५) माछामासु कम खाऔं । बोटबिरुवा, तरकारी हुर्काउनुभन्दा मासु उत्पादन धेरै खर्चिलो छ ।
६) साइकल चलाऔं, हिंडौं वा सार्वजनिक झोला बोकौं जसले प्रदुषण घटाउँछ ।
७) प्लाष्टिक झोला त्यागौं । किनमेल गर्दा आफ्नै पुनः प्रयोगीय झोला बोकौं ।
८) आफू र आफ्ना बालबालिकालाई आवश्यक खोप लगाऔं । तपाईंले आफ्नो परिवारलाई रोगबाट बचाउँदा समग्र जनस्वास्थ्यमै सुधार हुन्छ ।
९) आफूले विश्वास गर्ने नेतालाई मत दिने आफ्नो अधिकार प्रयोग गरौं ।
१०) लैङ्गिक हिंसा र विभेदविरुद्ध बोलौं ।

## नेपालको सन्दर्भमा एसडीजी

- सन् २०३० भित्र गरिबी दरलाई २१.६ प्रतिशत (२०१५) बाट ४.९ प्रतिशतमा झार्ने उद्देश्य राखेको छ ।
- सन् २०३० भित्र पुड्कोपनलाई ३६ प्रतिशत (२०१५) बाट १५ प्रतिशतमा ल्याउने उद्देश्य राखेको छ ।
- सन् २०३० भित्र मातृ मृत्युदरलाई २ सय ५८ (प्रति १ लाख) बाट ६९ मा सीमित गर्ने उद्देश्य लिएको छ ।
- सन् २०३० भित्र ७५ प्रतिशत युवाहरुलाई रोजगारी सिर्जना गर्ने उद्देश्य राखेको छ ।
- सन् २०३० भित्र व्यवसायिक र प्राविधिक काममा महिलाको दरलाई २४ प्रतिशत (२०१५) बाट ४० प्रतिशत बनाउने उद्देश्य लिएको छ ।
- सन् २०३० भित्र ९० प्रतिशत घरपरिवारलाई पाइप लाइनबाट पानी आपूर्ति गर्ने उद्देश्य राखेको छ । हाल यो सुविधा ४९.५ प्रतिशतसँग मात्र छ ।
- सन् २०३० भित्र नेपालले विद्युत्को पहुँचलाई ७४ प्रशितबाट बढाएर ९९ प्रतिशत पुऱ्याउने उद्देश्य लिएको छ ।
- सन् २०३० भित्र युवा वेरोजगार दरलाई ३५.८ प्रतिशतबाट (२०१५) बाट १० प्रतिशतमा झार्ने उद्देश्य राखेको छ ।
- सन् २०३० भित्र कार्बन उत्सर्जन तह ०.१० (मेट्रिक टन प्रति व्यक्ति) (२०१५) बाट ०.०५ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ ।
- सन् २०३० भित्र जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाको दर ३० प्रतिशत (२०१५) बाट झण्डै शून्यमा पुऱ्याउने उद्देश्य राखेको छ ।

**त्यसैले दिगो विकासका लक्ष्य प्राप्तिका लागि सबै नागरिकले जिम्मेवारी बोध गरी आ–आफ्नो ठाउँबाट सकेको योगदान गर्नु जरुरी छ । सबै नागरिक अग्रसर हुने हो मात्र दिगो विकासको लक्ष्य प्राप्ति सम्भव छ । अन्यथा नारामा नै सिमित रहने छ । लक्ष्य हासिलमा अग्रसर बनौं, आजैबाट जुटौं ।**

*स्रोतः राष्ट्रिय योजना आयोग*

# डेंगुको नियन्त्रणको माग गर्दै ज्ञापन



**भद्रपुर, असार २५।** झापामा फैलिएको डेंगुको संक्रमण नियन्त्रण हुन नसकेको भन्दै भद्रपुर नगरपालिका कार्यालयलाई ज्ञापनपत्र बुझाएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी भद्रपुर नगर समितिले भद्रपुर नगरपालिकालाई नगरमा डेंगुको संक्रमण नियन्त्रण गर्नुपर्ने माग राख्दै ज्ञापनपत्र बुझाएका हुन् । राप्रपा नगर समितिका अध्यक्ष राधा कार्कीको नेतृत्वमा गएको कार्यकर्ताहरूको टोलीले नगरपालिकाका उपप्रमुख चन्द्रमाया श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका थिए ।

राप्रपाका कार्यकर्ताहरूको हस्ताक्षरसहित बुझाएको ज्ञापनपत्रमा बर्खायाम शुरु भएपश्चात् नगरको विभिन्न स्थानमा लामखुट्टेबाट हुने डेंगु संक्रमण अत्यधिक बढेको गएकोले त्यसको रोकथामका लागि नगरभरि डेंगुविरुद्धको स्प्रे गराई दिनु माग गरिएको नगर अध्यक्ष कार्कीले बताइन् । 'झापासहित प्रदेश एकका विभिन्न जिल्लामा डेंगुको संक्रमणका बिरामी बढ्न थालेको छ' -उनले भनिन्- 'भद्रपुरमा पनि डेंगु संक्रमणका बिरामी फेला परेकोले तत्काल यसको रोकथाम आवश्यक छ ।'

प्रदेशको एकको सुनसरीको धरानबाट फैलिएको डेंगुको संक्रमणबाट झापामा हालसम्म तीन दर्जनको हाराहारीमा बिरामी देखा परिसकेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । सन् २०१२ मा झापाको काँकडभिट्टामा देखा परेको डेंगु रोगको संक्रमणका कारण यस अघि झापामा तीन जनाको मृत्यु भइसकेको छ ।

# महासंघको आन्दोलन स्थगित

**झापा, असार २५।** सरकारले दर्ता गरेको मिडिया काउन्सिल विधेयक फिर्ता र संशोधनको माग गर्दै चरणबद्ध आन्दोलनमा रहेको नेपाल पत्रकार महासंघले तेस्रो चरणका आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ ।

राष्ट्रिय सभामा नेकपाका प्रमुख सचेतक माननीय खिमलाल भट्टराईले संसदमा दर्ता भएको मिडिया काउन्सिल विधेयकमा संशोधन प्रस्ताव तयार पारी महासंघले उठाउँदै आएको मिडिया काउन्सिलको स्वायत्तता, गठन प्रक्रिया, दण्ड-जरिवाना लगायतका सरोकारहरुलाई सम्वोधन गर्ने तथा सञ्चार सम्बन्धी अन्य विधेयकहरुमा पनि महासंघसँग छलफल गरी अघि बढाउने लिखित प्रतिबद्धता भएसँगै महासंघले तेस्रो चरणका आन्दोलनका कार्यक्रम फिर्ता भएको हो ।

महासंघका पदाधिकारीसहित नेकपा संसदीय दलको कार्यालयमा उपनेता सुवासचन्द्र नेम्वाङ, नेकपा महासचिव विष्णु पौडेल, राष्ट्रिय सभामा नेकपाका नेता दिनानाथ शर्मा, कानून मन्त्री भानुभक्त ढकाल, प्रतिनिधि सभा सांसद योगेश भट्टराई समेतको उपस्थितिमा वार्ता भएको महासंघका महासचिव रमेश बिष्टद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

महासंघले सञ्चालन गर्दै आएको तेस्रो चरणका सडक संघर्षका बाँकी कार्यक्रमहरु स्थगित गरी संघीय संसदमा संशोधन प्रक्रियामार्फत महासंघले उठाएका विषय वस्तुलाई सम्बोधन गराउन छलफल, सम्वाद जस्ता गतिविधि मार्फत दबाब सिर्जना गरिने विज्ञप्तिमा उल्लेख छ ।

# खुवाउन नजान्दा कुपोषण

'कुपोषण'लाई विपन्न परिवारका बच्चामा देखिने स्वास्थ्य समस्याका रूपमा लिने गरिन्छ तर, यहाँ 'खातापिता' परिवारकै बालबालिकामा यो समस्या देखिएको छ । पोषणविद्का अनुसार सन्तुलन मिलाएर खानेकुरा खुवाउन नजान्दा बालबालिकामा कुपोषणले सताउँछ ।

जैमिनी नगरपालिका-८ छिस्तीका छ महिने शिशु संगम शर्मालाई शुरुमा ज्वरो आयो । आमा कुमारीले गाउँकै स्वास्थ्य संस्थामा उपचार गर्न लगिन् । औषधिले ज्वरो निको भएन । शिशु दुब्लाउँदै गए । शरीरको तौल घट्यो । स्वास्थ्यकर्मीले सो शिशुको थप उपचारका लागि धौलागिरी अञ्चल अस्पतालमा रहेको पोषण पुनःस्थापना गृहमा लैजान सुझाव दिए । त्यसपछि मात्र शिशुलाई कुपोषण भएको बल्ल आमाले थाहा पाइन् ।

झगडा गर्ने जस्ता लक्षण देखिन्छन् । पोषणको कमीले बालबालिकाको मानसिक तथा शारीरिक वृद्धि, विकासमा नकारात्मक प्रभाव पर्ने स्वास्थ्यकर्मी बताउँछन् । अति कुपोषणले ग्रसित बनेका बच्चालाई दुई महिनासम्म पोषण गृहमा राखेर उपचार र रेखदेख गर्ने गरिएको छ । सामान्यतया १६ दिनसम्मको उपचारले बालबालिका निको भई घर फर्कने गरेका छन् । एक महीनामा पुनःस्वास्थ्य जाँचका लागि गृहमा बोलाउने गरिन्छ ।

परिवारले खानपानमा ध्यान नदिँदा बच्चामा कुपोषण लाग्ने गरेको नर्स किसानले जानकारी दिइन् । उनका अनुसार कुपोषण भएको थाहा भएर अभिभावकलाई भन्दा पनि धेरैले गृहसम्म ल्याउँदैनन् । घरमा सबैथोक भए पनि बनाएर खुवाउन नजान्दा समस्या आउने गरेको छ ।



कुमारी दुई सातादेखि छोरा संगमसहित सो पुनःस्थापना गृहमा छिन् । 'यहाँ आएपछि स्वास्थ्यमा धेरै सुधार भयो' -उनले भनिन्- 'तौल पनि बढ्दै गएको छ ।' गृहमा आएपछि शिशुले स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा पौष्टिक आहार, उपचार र हेरचाह पाएका छन् । उनीसँगै छ जना बच्चा अहिले पोषण गृहमा छन् । 'पाँच महिनादेखि २३ महिनासम्मका बच्चा छन्' - पोषण गृहकी नर्स सुशीला किसानले भनिन्- 'बच्चाको आमाहरु पनि हुनुहुन्छ ।' दश जनासम्म बालबालिका राख्ने क्षमता गृहको छ ।

कुपोषित बच्चालाई अभिभावकसँगै राखी निःशुल्क उपचार सेवा दिन पाँच वर्षअघि सो गृह सञ्चालनमा भएको हो । गृहमा बच्चाको आमा र अन्य अभिभावकलाई पोषण शिक्षा समेत दिइन्छ । 'आमाहरुलाई पौष्टिक आहार बनाउने र खुवाउने तरिका सिकाउँछौं -नर्स किसानले भनिन् । कुपोषित बच्चाले निःशुल्क उपचार, रेखदेख र परामर्श सेवा पाउने गरेको अस्पतालका प्रमुख चिकित्सक सागर राजभण्डारीले बताए । 'अस्पतालमा आउने बिरामी बच्चाको तौल कम देखियो भने पोषणगृहमा पठाउँछौँ' -उनले भने- 'बच्चामा कुपोषण देखियो भने चिन्ता लिनुपर्दैन, सहजै उपचार हुन्छ ।'

बच्चालाई पोषणको मात्रा पुग्ने गरी पौष्टिक खानेकुरा, भिटामिन लगायतका औषधि समेत खुवाइन्छ । कुपोषणका कारण बच्चामा अन्य रोगको पनि संक्रमण बढ्ने प्रमुख चिकित्सक राजभण्डारीको भनाइ छ । उनका अनुसार सन्तुलन मिलाएर खाना खुवाउन नजान्दा बच्चामा कुपोषण निम्तिन्छ ।

कुपोषण हुँदा बच्चा दुब्लाएर ख्याउटे हुने, आँखाभित्र गड्ने, हातखुट्टा राम्ररी नचल्ने, कपाल खैरो हुने, लामो समयसम्म निदाउने, बढी रुने, आमालाई पोषणयुक्त खानेकुरा कसरी बनाउने यो गृहमा सिकाइन्छ । कुनै संघ-संस्थाले पोषण शिविर चलाए आफूहरूले पूरा सहयोग गर्ने गरेको उनी बताउँछिन् ।

शिविरमा कुपोषित बालबालिकाका आमालाई खानपान सिकाउने र कुपोषण देखिएका बच्चालाई उपचारका लागि गृहमा ल्याउने गरिन्छ । जन्मेदेखि पाँच वर्षसम्मका कुपोषित बालबालिका र उनका आमालाई राखेर निःशुल्क पोषणयुक्त खानेकुरा पकाउन र खुवाउन सिकाएर स्वस्थ पार्ने गरिएको नर्स किसानले बताइन् । धेरै अभिभावकलाई बच्चामा कुपोषण भए-नभएको थाहा हुँदैन । बालरोग विशेषज्ञका अनुसार, पोषिलो खानेकुरा अभावमा हुने कुपोषणको प्रभाव शारीरिक र मानसिक दुवैमा देखिन्छ । अधिकांश अभिभावक बच्चाले खाना नखाने, धेरै रुने, सुत्ने, झगडा मात्र गर्ने गुनासो गर्छन् । त्यसो हुनुमा पनि कुपोषणले असर गरेको हुनसक्ने बालरोग विशेषज्ञहरुको भनाइ छ ।

पोषण गृहबाट धौलागिरी क्षेत्रका जुनसुकै बालबालिका र अभिभावकले सेवा लिन पाउँछन् । गृहमा बालबालिकालाई खेल्न र रमाउनका लागि अलग्गै कक्ष समेत निर्माण गरिएको छ । पोषण अधिकृतको नेतृत्वमा स्वास्थ्यकर्मी र अन्य कर्मचारी गृह सञ्चालनमा खटिएका छन् ।

पाँच वर्षअघि 'युथ फाउण्डेशन'ले चारतारे युवा क्लब बागलुङमार्फत रु. ५८ लाखको लागतमा पोषण गृह निर्माण गरेको थियो । शुरुको तीन वर्ष फाउण्डेशन र क्लबकै सहयोगमा गृह सञ्चालन भए पनि अहिले अस्पतालकै जिम्मामा आएको छ । बालबालिकामा कुपोषणको लक्षण देखिएमा तुरुन्त पोषण पुनःस्थापना गृहमा ल्याउन अस्पतालले सबैमा आग्रह गरेको छ ।

# विद्युतीय सुरक्षण सचेतना कार्यक्रम

**झापा, असार २५।** झापाको कनकाई नगरपालिकास्थित सुरङ्गामा एक दिवसीय विद्युत् सुरक्षण सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल विद्युत् प्राधिकरण व्यवस्थापन आयोजना निर्देशनालयको आयोजनामा उज्यालो नेपाल अभियान अन्तरगत एक दिवसीय विद्युत् सुरक्षण सचेतना कार्यक्रम सम्पन्न भएको हो । नेपाल विद्युत् प्राधिकरण व्यवस्थापन आयोजना निर्देशनालयका निर्देशक राजनऋषि कँडेलको अध्यक्षता तथा कनकाई नपाका मेयर राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उपमेयर मञ्जु प्रसाईले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा निर्देशक कँडेल र नेविप्रा अनारमनी वितरण केन्द्र प्रमुख झाले विद्युतीय सुरक्षा सम्बन्धी सचेतना प्रदान गरेका थिए । विद्युत् शक्तिको महत्व, यसको सदुपयोगबाट हुने फाइदा र दुरुपयोगबाट हुने नोक्सानी, विद्युत् चुहावट, विद्युतीय दुर्घटनाबाट बच्ने उपाय आदि विषयमा जानकारी गराइएको कार्यक्रममा निर्देशक कँडेलले विद्युतीय सुरक्षा, चुहावट नियन्त्रण र किफायती उपयोगबाटै देशको सम्बृद्धिमा सहयोग पुग्ने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।

प्राधिकरण प्रमुख झाले सबै उपभोक्ताले सुरक्षित र किफायती ढंगबाट विद्युत् शक्तिको अधिकतम् उपयोग गर्न सके मात्रै उज्यालो नेपाल अभियान सफल हुने बताए । उनले विद्युत् चोरी तथा चुहावट नियन्त्रण कानूनी कारवाहीबाट मात्र सम्भव नहुने भन्दै यसका जनचेतना जगाउने खालका कार्यक्रम अघि बढाइएको बताए । कार्यक्रमको सञ्चालन दुर्गा पोखरेलले गरेको थिए ।

# विदेशी पर्यटकका पनि उजुरी

**बिर्तामोड, असार २५।** नेपाल भ्रमणमा आएका विदेशी पर्यटकले आफूहरु माथि चोरी, ठगी, लुटपाट, पाकेटमार, दुर्व्यवहारलगायतका घटना भएको भन्दै उजुरी दिन थालेका छन् ।

नेपाल घुम्न आउने विदेशी पर्यटकको सुरक्षा र पर्यटकलाई पर्ने समस्या समाधान गर्न विसं २०३५ माघ १२ गते स्थापना भएको पर्यटक प्रहरीमा विदेशी पर्यटकले उजुरी दिएका हुन् । पर्यटक प्रहरीमा चालू आर्थिक वर्षमा छ सय उजुरी दर्ता भएका हुन् । साउनमा ५०, भदौमा ३५, असोजमा ६५, कात्तिकमा ८०, मङ्सिरमा ५४, पुसमा ५३, माघमा ३७, फागुनमा ३२, चैतमा ५८, वैशाखमा ८२ र जेठमा ५४ उजुरी परेका छन् ।

पर्यटक प्रहरीले पर्यटकका लागि आवश्यक सूचना प्रवाह गर्ने, पर्यटकबाट आएका उजुरी निवेदन छानविन र कारवाही गर्ने, इजाजत नभई पथप्रर्दशक कार्य गर्नेमाथि नियन्त्रण तथा कारवाही गर्ने, फौजदारी अपराध सम्बन्धमा सम्बन्धित दूतावासमा सम्पर्क राखी स्थानीय प्रहरीमार्फत कारवाही अगाडि बढाउने, होटल, ट्राभल, ट्रेकिङ, ऱ्याफ्टिङ एजेन्सीमा निरीक्षण गर्नेलगायतका काम गर्दै आएको छ ।

पर्यटक प्रहरी एकाइ भृकुटीमण्डपका प्रमुख, प्रहरी निरीक्षक अमृतबहादुर बस्नेत पर्यटक प्रहरीमा पर्ने उजुरीमध्ये सबैभन्दा धेरै सामान हराएको विषयमा पर्ने गरेको बताउँछन् । 'सामान हराएको मात्र चार सय ५४ उजुरी पर्यटक प्रहरीमा परेको छ' -उनी भन्छन् । पर्यटक प्रहरीमा सामान हराएको बाहेक चोरी ९८, ठगी २४, लुटपाट तीन, पाकेटमार छ, दुर्व्यवहार चार, दुर्घटना एक, क्षति चार र अन्य छ उजुरी दर्ता भएका छन् ।

पर्यटक प्रहरीले हाल काठमाडौं उपत्यकाभित्र १० र उपत्यका बाहिर १६ स्थानबाट पर्यटकलाई सेवा प्रदान गर्दै आइरहेको छ । प्रहरी प्रधान कार्यालयमा दुई सय २७ को दरबन्दी कायम गरिएको छ । चालू आवमा मात्र काठमाडौंको बौद्ध, चितवनको पटिहानी र तनहुँको बन्दीपुरमा कार्यालयले सेवा विस्तार गरेको छ ।

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरेसँगै पर्यटक प्रहरीको आवश्यकता र औचित्य बढ्दै गएको छ । पर्यटक प्रहरीले पर्यटकलाई आवश्यक पर्ने सेवा प्रदान गर्न रारा ताल, बाँके, कञ्चनपुर, इलाम, धनकुटा लगायतका नौ प्रमुख पर्यटकीय गन्तव्यका लागि पर्यटक प्रहरी माग गरिएको पर्यटक प्रहरी प्रमुख बस्नेत बताउँछन् ।

पर्यटक प्रहरीले पर्यटकको सुरक्षा र पर्यटकलाई पर्नसक्ने समस्या समाधानका लागि 'पर्यटक प्रहरी मोबाइल एप्स' सञ्चालनमा ल्याएको छ । एप्समा पर्यटक प्रहरी रहेको स्थान, पर्यटकले नेपालमा बस्दा गर्न हुने काम र गर्न नहुने काम, हटलाइन नम्बर, कुनै घटना घटिहालेमा प्रहरीलाई खबर गर्ने तरिका, पर्यटकका प्रतिक्रिया लेख्न मिल्ने बताइएको छ ।

विदेशबाट आउने पर्यटकमध्ये ९० प्रतिशत पर्यटक ठमेल भित्रिने भएकाले उक्त पर्यटकलाई लक्षित गरेर ठमेलमा 'महानगरीय पर्यटक सूचना केन्द्र' समेत सञ्चालनमा ल्याएको छ । उक्त केन्द्र सञ्चालनमा ल्याएसँगै पर्यटक प्रहरीको प्रधान कार्यालय भृकुटीमण्डपबाट दिने सेवा सुविधा ठमेलबाट प्रदान गरिने पर्यटक प्रहरीले जनाएको छ ।

पर्यटक प्रहरी नेपाल प्रहरीको भए पनि उनीहरुको सेवासुविधा भने पर्यटन विभागमार्फत हुँदै आएको छ । पर्यटक प्रहरी परिचालन निर्देशिका नहुनु, विभिन्न मुलुकको भाषाको ज्ञान नहुनु, पर्यटक प्रहरीलाई आवश्यक तालिम नहुनु लगायत पर्यटक प्रहरीभित्र समस्याका रुपमा रहेका छन् ।

पर्यटन विभागका महानिर्देशक डण्डुराज घिमिरे पर्यटक प्रहरीको आवश्यकतालाई हेरेर अन्य ठाउँमा पनि विस्तार गर्दै लैजाने बताउँछन् । 'नयाँ स्थानमा पर्यटक प्रहरी राख्नका लागि आएका मागलाई अध्ययन गरी नेपाल प्रहरीमा पठाउने र प्रहरीले सदर गरेपछि उक्त ठाउँमा पर्यटक प्रहरी खटाउने गरेका छौँ' -उनी भन्छन् ।

नेपालको पर्यटन विकासमा पर्यटक प्रहरीले महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ । महानिर्देशक घिमिरे मुलुकको आर्थिक मेरुदण्डका रुपमा रहेको पर्यटन क्षेत्रलाई व्यवस्थित गर्ने कुरामा विभाग गम्भीर भएर लागेको बताउँछन् ।

# आज विश्व जनसंख्या दिवस

सन् १९८९ बाट हरेक बर्ष विश्वभरिका जनसंख्याका मुद्दाहरुलाई सम्बोधन गर्ने हेतुले विश्व जनसंख्या दिवस हरेक वर्ष जुन महिनाको ११ तारेखका दिन मनाउन थालिएको हो । रोचक कुरा त के छ भने सन् १९८७ को जुन ११ तारिखका दिन विश्वको जनसंख्या करिब पाँच अर्ब पुगेको अवसरमा भएको पपुलेशन समिटले यो दिवस मनाउने घोषणा गरेको हो ।

जनसंख्या वृद्धि वास्तवमा अवसर हो या चुनौति भन्ने बिषयमा विवाद शुरु हुन थालेको छ । वि.सं. २०५६ सालमा तात्कालिन सरकारले विद्यालयमा ल्याएको



नयाँ पाठ्यक्रम अनुसार जनसंख्या वृद्धि नराम्रो र यसलाई नियन्त्रण गर्नुपर्ने भनेर हामीमध्ये धेरैलाई पढाइएको पनि छ ।

तर, सधै जनसंख्या वृद्धि नकारात्मक पनि हुँदैन, अहिले विश्वका विकसितभन्दा विकसित मुलुकहरुमा आफ्नो खस्कँदो जनसंख्याका कारण देशको भविष्य नकारात्मक विन्दुमा पुगेका घटनाहरूले डरलाग्दो अवस्थाको सृजना गरेको छ । मान्छेहरु बच्चा जन्माउन भन्दा पनि काम, विकास र नवप्रर्वतनमा लागेकाले यसो भएको हो । जनसंख्या थोरै भएमा थोरै स्रोतले पनि गुणस्तरयुक्त जीवन धान्न मिल्ने तथ्य आफ्नो ठाउँमा छ । तथापि विकास अनि समृद्धिका लागि चाहिने जनशक्तिको पूर्णता पनि जनसंख्याले नै गर्ने त हो । एउटा सन्तुलित जनसंख्या बेगर कुनै पनि देशको सुरक्षा, विकास दिगो भविष्यको कल्पना पनि गर्न सकिन्न ।

विश्वको शक्तिकेन्द्र तथा विश्वको जनसंख्यामा आफ्नो अधिक्तम स्थान राख्ने चीनले बढ्दो जनसंख्याको भयलाई बुझेर एक सन्तान प्रणाली लागू गरेकोमा, पछिल्लो समय जनसंख्याको एउटा स्तर हासिल गर्न लामो समयको अध्ययन पश्चात् सन् २०१५ मा दुई सन्तान जन्माउन अनुमतिसहित आफ्नो जनतालाई आह्वान गरेको छ । यस्तै संसारमै सबैभन्दा व्यस्त जीवनशैली अपनाएका जापानीहरूलाई समेत आफ्नो व्यक्तिगत तथा पारिवारिक समय निकाल्न तथा बढ्दो वृद्ध-वृद्धाहरूको जनसंख्यासँग तालमेल मिलाउन विभिन्न योजनासहितका सन्तान प्राप्ति अर्थात् बच्चा जन्माउन प्रेरित गरिन्छ भने अन्य थुप्रै देशहरुमा जनसंख्याको एउटा निश्चित स्तर तथा सन्तान उत्पादनको निराशाजनक उदाहरणहरू बढ्न थालेका छन् ।

नेपाल, भारत र बङ्गलादेशमा भने पपुलेशन बोनस भएको मानिन्छ, यसको अर्थ क्रियाशील जनसख्या अर्थात् १६ देखि ४९ सम्मका जनसंख्या कूल जनसंख्याको ६० प्रतिशतभन्दा बढि हुनु हो । यी जनस्रोतलाई राम्ररी प्रयोग गर्नसके विकास पर छैन तर दुर्भाग्य नेपाली जनशक्तिहरूको पसिना स्वदेशभन्दा विदेशमा चुहिरहेको छ । यसमा दोष प्रवासमा रोजगारी खोज्दै जानेहरूको भन्दा पनि जानैपर्ने बाध्यता सिर्जना गर्नेहरूको हो ।

उत्पादनमुखी उद्योग, कलकारखानाहरू विगतका विभिन्न राजनीतिक गतिविधिका कारण बन्द हुनु तथा यसको वृद्धि र विकासमा उद्योगी तथा व्यवसायीहरूसँग तालमेल गरेर रोजगारीका नयाँ सम्भावनामा काम गर्न नसक्नुमा पटके र अस्थायी सरकारहरूको दोष हो, यसमा दुईमत नहोला । यस्तो अवस्थामा व्यवसायीहरूपनि उत्पादनतर्फ ढुक्क हुन सकेका छैन जसकाकारण आयातमुखी कारोबार फस्टाउँदै गएको छ । खाडीको मरुभूमिमा हरियाली बनाउन सक्ने नेपाली पसिनाले आफ्नै हरियो देशलाई कहाँबाट कहाँ पुऱ्याउन सक्छन् होला । तर, सम्भावनाको शब्दमा मसी चोपिएको कहाँ छ र ?

अहिले पनि दुई करोडभन्दा धेरै महिलाहरुले गर्भनिरोधक साधनको सुरक्षित प्रयोग नगरेको तथ्यांक पनि छ । यस्ता कुराहरुमा हामी सबै अनि सरोकारवालाहरुको ध्यान आज जाओस् । मानव वस्तीमा थोरै बच्चाहरुको संख्याले समृद्धि जनाउन सक्दैनन् । तर, भएका बच्चाहरुको उचित स्याहार, सुसार, आहार अनि स्वास्थ दिनसक्ने गरि परिवारको योजना गर्नु बुद्धिमत्ता हो । सन्तानले डाँडाकाँडा ढाकुन भन्ने उक्तिलाई परिमार्जन गर्दै सन्तानको यश र कृतिले डाँढाकाँढा ढाक्न सक्ने गरी शिक्षा दिक्षा र लालनपालन गर्न सक्ने गक्ष सबैको होस् ।

**– सुयोग ढकाल**


## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

## पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

**केन्द्रीय कार्यालय बिर्तामोड–१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३–५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३–५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे–अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा–डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३–४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल ( ९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर–चन्द्रगढी–पृथ्वीनगरः पार्थ मण्डल ( ९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल ( ९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल – यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी ( ९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम – ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७–५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१–६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५–५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई ( ९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)**